फोन नं.:- ०१-४१५३०१९
ई-मेल:- disciplinary@nea.org.np

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)
प्रशासन निर्देशनालय
जनसाधन विभाग
कर्मचारी प्रशासन महाशाखा

## विभागीय कारवाही शाखा

दरवारमार्ग, काठमाडौं ।

प.स.०७९/०८० वि.का.शा. च.नं. ६६४

मिति:- २०८०/०३/२५

श्री बितरण तथा ग्राहक सेवा निर्देशनालय, ने.बि.प्रा.।
श्री प्रशारण निर्देशनालय, ने.बि.प्रा.।
श्री ईन्जिनियरिङ्ग सेवा निर्देशनालय, ने.बि.प्रा.।
श्री आयोजना ब्यवस्थापन निर्देशनालय, ने.बि.प्रा.।
श्री कार्यकारी निर्देशकको सचिवालय, ने.बि.प्रा.।
श्री ऊर्जा दक्षता तथा चुहावट नियन्त्रण बिभाग, ने.बि.प्रा.।
श्री उत्पादन निर्देशनालय, ने.बि.प्रा.।
श्री अर्थ निर्देशनालय, ने.बि.प्रा.।
श्री यो.अ.तथा सू प्र. निर्देशनालय, ने.बि.प्रा.।
श्री सहायक कम्पनी अनुगमन निर्देशनालय, ने.बि.प्रा.।
श्री आन्तरिक लेखापरीक्षण बिभाग, ने.बि.प्रा.।

**बिषय: आ.ब. २०७९/०८० को सम्पत्ति विवरण सम्वन्धमा ।**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क (१) बमोजिम नेपाल बिद्युत प्राधिकरणमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुबाट पेश गर्नु पर्ने आ.ब.२०७९/०८० को सम्पत्ति बिबरण दर्ता गर्ने कार्य मिति २०८०/०४/०१ देखि प्रारम्भ हुने ब्यहोरा अवगत गराउन चाहन्छु ।

यसै सन्दर्भमा तहाँ र अन्तर्गत कार्यालयहरुमा कार्यरत सवै कर्मचारीहरु (करार र म्यादी समेत) बाट आ-आफनो सम्पत्ति बिबरण (खाममा निर्धारित बिबरण उल्लेख गरी) २०८० भाद्र २८ गते सम्ममा अनिवार्य रुपमा यस बिभागीय कारबाही शाखामा दर्ता गर्ने/गराउने ब्यबस्था हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

.................................
(कपिल चन्द्र बस्ताकोटी)
प्रमुख

**बोधार्थ:**
श्री प्रशासन निर्देशनालय, ने.बि.प्रा.।
श्री सूचना प्रबिधि बिभाग, ने.बि.प्रा:- संलग्न सूचना बेवसाइटमा अपलोड गरिदिनुहुन ।

# आ.ब.२०७९/०८० को सम्पत्ति विवरण बुझाउने सम्वन्धी अत्यन्त जरुरी सूचना ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) र नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा शर्त विनियमावली, २०७५ (संसोधन सहित) को विनियम १४१ बमोजिम प्रत्येक कर्मचारीले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण बुझाउनु पर्ने कानूनी व्यवस्था छ। आ.व. २०७९/०८० को सम्पत्ति विवरण निर्धारित ढाँचाको फाराममा भरी प्रत्येक कर्मचारीले ९"x४" साइजको खाममा खामबन्दी गरी तोकिएको विवरणहरु खाम बाहिर उल्लेख गरी २०८० भाद्र २८ गते भित्र अनिवार्य रुपमा कार्यरत कार्यालय मार्फत वा सिधै विभागीय कारवाही शाखामा दर्ता हुने गरी पठाउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

**खामको बाहिर पट्टि उल्लेख गर्नुपर्ने विवरणः**

## आ.व. २०७९/०८० को सम्पत्ति विवरण

| | |
|---|---|
| कर्मचारीको संकेत नम्वरः- | सेवाः- |
| नाम थरः- | समूह/उप-समुहः- |
| पदः- | कार्यरत कार्यालयः- |
| तहः- | मोवाइल नम्वरः- |

पुनश्चः

१. दर्ता प्रकृया मितव्ययी र सुरक्षित बनाउन आफ्नो कार्यालयमा कार्यरत सम्पूर्ण स्थायी/करार/म्यादी र प्रधान कार्यालयवाट नियुक्त ज्यालादारी कर्मचारीहरुको सम्पत्ति विवरणका गोप्य खामहरु संकलन गरी २०८० भाद्र २८ गतेभित्र नामावली सहित विभागीय कारवाही शाखामा उपलब्ध गराइदिनु हुन सम्पूर्ण कार्यालयहरुलाई अनुरोध छ।

२. धेरै कर्मचारीले एकैपटक विवरण पेश गर्दा प्राविधिक कठिनाई उत्पन्न भएमा दर्ता गर्न समस्या पर्न सक्ने हुँदा सकेसम्म २०८० भाद्रको दोश्रो हप्ता भित्र सम्पत्ति विवरण यस विभागीय कारवाही शाखामा दर्ता गर्ने/गराउने व्यवस्थाको लागि सम्वन्धित सबैमा अनुरोध छ।

३. हुलाक/कुरियर वा अन्य कुनै निकायमा जुनसुकै मितिमा दर्ता भएता पनि विभागीय कारवाही शाखामा म्यादभित्र प्राप्त भएको सम्पत्ति विवरण मात्र दर्ता गरी अभिलेख राखिनेछ। म्यादपछि प्राप्त भएको विवरणलाई प्राप्त नभए सरह मानी दर्ता गरिने छैन। कार्यरत कार्यालयमा विवरण बुझाउने कर्मचारीले आफ्नो विवरण यस शाखामा प्राप्त भए/नभएको यकिन गर्नहुन समेत जानकारी गराइन्छ । यस शाखामा विवरण प्राप्त भएको भरपाई/निस्सा सम्बन्धित व्यक्तिको मोवाइलमा मेसेज आउने व्यवस्था मिलाइएकोले अनिवार्य रुपमा मोवाइल नं उल्लेख गर्नुहुन अनुरोध छ।

४. कारणवस सम्पत्ति विवरण बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा विवरण बुझाउने प्रयोजनको लागि मात्र सोही दिन बिहान १०:०० देखि १७:०० बजेसम्म बिभागीय कारवाही शाखा खुल्ला रहने छ । तर अन्तिम दिन विदा पर्न गएकै कारण भोलिपल्ट दर्ता हुने छैन।

५. सम्पत्ति विवरण फाराम नेपाल विद्युत प्राधिकरणको वेभसाइट www.nea.org.np वाट प्राप्त गर्न सकिने छ । सम्पत्ति विवरण पेश गर्ने दायित्व सम्वन्धित कर्मचारीको भएकोले खाम बाहिर विवरण नभरेको वा गलत विवरण भरेको वा म्याद गुजारी सम्पत्ति विवरण दर्ता हुन नसकेमा त्यसबाट हुने जरिवाना लगायतका विषयमा सम्वन्धित कर्मचारी नै जिम्मेवार हुनेछ ।

नेपाल विद्युत प्राधिकरण
विभागीय कारवाही शाखा
दरवारमार्ग, काठमाडौं ।